घरपझोङ गाउँपालिका

रोजगार संयोजक छनौट समिति

**सूचना प्रकाशित मितिः २०७६।११।२२**

यस कार्यालयले मिति २०७६।०८।२० मा प्रकाशित सूचना बमोजिम रोजगार संयोजक पदमा आवेदन गरेका उम्मेदवारहरूको **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** को दफा ८ बमोजिम आवेदकहरूको मूल्यांकन गर्दा देहाय बमोजिम प्रारम्भिक योग्यताक्रम कायम हुन आएकाले सम्पूर्ण आवेदकहरूलाई देहाय बमोजिम कम्प्यूटर सम्बन्धी तथा सेवा सम्बन्धी परीक्षाहरूमा सम्मिलित हुन आउनुहुन यो सूचना जारी गरीएको छ ।

**प्रारम्भिक योग्यताक्रमको सूची**

| योग्यताक्रम | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | निशा थकाली | घरपझोङ ५, मुस्ताङ | |
| २ | विनिता गोतामे | जोमसोम ८, मुस्ताङ | |
| ३ | शर्मिला श्रीस | जोमसोम ७, मुस्ताङ | |
| ४ | मेलिना थकाली | मार्फा ७, मुस्ताङ | |
| ५ | सोनोपल थकाली | जोमसोम २, मुस्ताङ | |
| ६ | विशान थकाली | मार्फा ८, मुस्ताङ | |
| ७ | रुपिका थकाली | जोमसोम ३, मुस्ताङ | |
| ८ | पूर्ण थापा | गोरखा ४ | |
| ९ | सुदिप सुनार | कागवेनी ३, मुस्ताङ | |

**परीक्षा कार्यक्रम**

**१. कम्प्यूटर सम्बन्धी परीक्षाः**

मितिः २०७६।११।२८ समयः विहान ११ देखि ११.३० सम्म ( योग्यताक्रम १ देखि ५ सम्म)

मितिः २०७६।११।२८ समयः विहान ११.३५ देखि दिनको १२.०५ सम्म ( योग्यताक्रम ६ देखि ९ सम्म)

स्थानः घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ

**२. सेवा सम्बन्धी परीक्षाः**

मितिः २०७६।११।२८ समयः दिनको १२.३० देखि १.०० बजेसम्म

स्थानः घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ

आवेदकहरूले परीक्षा दिन आउँदा आफूले प्राप्त गरेको प्रवेश पत्र र आवेदनसाथ पेश भएका सबै सक्कल प्रमाणपत्रहरू लिई आउनुपर्नेछ ।

कम्प्यूटर परीक्षण तथा लिखित परीक्षामा सोधिने प्रश्नपत्रहरूको पाठ्यक्रम यस कार्यालयको वेभसाइट www.gharapjhongmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

(नोटः कम्प्यूटर सम्बन्धी परीक्षा प्रयोगात्मक र सेवा सम्बन्धी परीक्षा बहुवैकल्पिक प्रश्नहरूबाट गरिनेछ)

(नेत्रप्रसाद पौडेल)
**सदस्य सचिव**

(पुष्पराज कट्वाल)
**संयोजक**

(५) उपदफा (२) बमोजिमका योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार स्वयमले हस्ताक्षर सहित प्रमाणित गरी अनुसूची १ बमोजिमको दरखास्तका साथ पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश गरिएको कुनै पनि प्रमाणपत्र झुठ्ठा भएको पाइएमा थाहा हुनासाथ त्यस्तो उम्मेदवारलाई छनौटको प्रक्रियामा भए छनौट प्रक्रियाबाट हटाएर र छनौट भई काममा खटिई सकेको भए करार रद्द गरेर कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

(७) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रमको सूची सम्बन्धित स्थानीय तहको वेवसाइट र सूचना पाटी दुवैमा प्रकाशन गर्नु पर्नेछ । प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश भएका उम्मेदवारहरुलाई सोको जानकारी ईमेल, एस.एम.एस वा टेलिफोन मार्फत गराउनु पर्नेछ ।

(८) प्रारम्भिक योग्यताक्रमको सूचीसँगै कम्प्युटर छनौट परिक्षाको मिति, समय र स्थान समेत तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. <u>छनौट परीक्षाः</u> (१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुमध्येबाट रिक्त पदमा रोजगार संयोजक छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उमेदवारले उतीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले अनुसूची २ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम देहाए अनुसार हुनेछः

**(क) सेवा सम्बन्धी**

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,

२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६

३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,

४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र चुनौतीहरु,

५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,

६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृया,

७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण प्रणाली,

८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,

९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र

१०. आचरण तथा अनुशासन, नैतीकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

**(ख) कम्प्युटर सम्बन्धी**

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system

१०. <u>अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः</u> (१) समितिले छनौट परीक्षामा सहभागी उमेदवारले प्राप्त गरेको अंकका आधारमा उतीर्ण उमेदवारहरुको अन्तिम योग्यताक्रमको सूची कायम गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) रोजगार संयोजकको रिक्त पदका लागि उपदफा (१) बमोजिम प्रकाशित सूचीबाट सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गर्नुपर्नेछ ।

(३) छनौट परीक्षामा उम्मेदवारहरुले बराबर अङ्क प्राप्त गरेको अवस्थामा न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रमा उल्लेखित लब्धांक प्रतिशतलाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गर्नु पर्नेछ । लब्धांक प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमशः अनुभवको अवधि, माथिल्लो तहको शैक्षिक योग्यता, माथिल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अंक प्रतिशत र उमेरको जेष्ठतालाई आधार मान्नु पर्नेछ ।